# आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड तथा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको शाखा कार्यालयहरुबाट हितग्राही खाता खोल्नु हुने सम्पूर्ण खातावालाहरुलाई वार्षिक सञ्चालन शुल्क बुझाउने बारेको अत्यन्त जरुरी सूचना

यस आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड तथा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको शाखा कार्यालयहरु मार्फत आर्थिक वर्ष २०७७/७८ को असार मसान्तसम्ममा हितग्राही खाता (Demat Account) खोली आफ्नो धितोपत्रको कारोबार गरिरहनु भएका हितग्राही खातावालाहरुले धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ बमोजिम प्रत्येक आ.व. र यस भन्दा अगाडीको आ.व. को वार्षिक शुल्क वापत बुझाउनु पर्ने रकम रु.१००/- बुझाउन बाँकी रहेमा हितग्राही खातावालाहरुले यस कम्पनीको केन्द्रीय कार्यालय टेकु, काठमाडौंमा वा आफूलाई पायक पर्ने नजिकैको राष्ट्रिय वाणिज्य बैंक लि.को शाखाहरुमा **यही मिति २०७८ असार मसान्त भित्र** सम्पर्क राखी निम्न उल्लेखित खातामा वार्षिक सञ्चालन शुल्क जम्मा गरी आफ्नो हितग्राही खाता सुचारु राख्नु हुन यसै सूचना मार्फत अनुरोध गर्दछौं ।

साथै विभिन्न विद्युतीय भुक्तानी माध्यमहरु जस्तै connect ips, fone pay, e-sewa, prabhu pay, khalti, ime pay र राष्ट्रिय वाणिज्य बैंकको RBB Smart App मार्फत समेत सञ्चालन शुल्क जम्मा गर्न सकिने व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं ।

**राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा रहेको यस कम्पनीको खाताको विवरण :**

| | |
|---|---|
| **खातावालाको नाम** | **RBB Merchant Banking Limited** |
| **खाता रहेको बैंकको नाम र शाखा** | **राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, टेकु, काठमाडौं** |
| **खाता नम्बर** | **१७००१००००२०८९००१** |

यसरी आ.व. २०७७/७८ को असार मसान्तसम्म वार्षिक सञ्चालन शुल्क नबुझाउनु हुने हितग्राही खातावालाहरुको सञ्चालन शुल्क नबुझाएसम्म हितग्राही खाता FREEZE हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गर्दछौं ।

**पुनश्चः**

१. राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा खाता रहेका हितग्राहीहरुको हकमा Standing Instruction Update गर्नु भएका हितग्राहीहरुको सम्बन्धित बैंक खाताबाट वार्षिक नविकरण शुल्क कट्टा गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गर्दछौं ।

२. यस कम्पनीको बैंक खातामा शुल्क जम्मा गर्दा हितग्राही खातावालाको नाम, थर, हितग्राही खाता नम्बर तथा आर्थिक बर्ष अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । राष्ट्रिय वाणिज्य बैंकको RBB Smart App मार्फत शुल्क जम्मा गर्दा हितग्राही खातावालाले RBB Smart App को Remarks मा आफ्नो हितग्राही खाता नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

३. यस कम्पनी मार्फत MERO SHARE सेवा लिईरहनु भएका हितग्राहीहरुले सो सेवा संचालनमा आएको एक वर्षको अवधिभित्र नविकरण गरिसक्नु पर्ने र सो समयावधि भित्र नविकरण नभएमा उक्त सेवा स्वतः बन्द हुने भएको हुँदा हितग्राही खाता (Demat Account) वार्षिक सञ्चालन शुल्क बुझाउने समयमा नै उक्त MERO SHARE सेवा नविकरण गर्न सक्नु हुने व्यहोरा समेत जानकारी गर्दछौं ।

**आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड**
**RBB MERCHANT BANKING LIMITED**
A subsidiary company of Rastriya Banijya Bank Ltd.

पोष्ट बक्स नं. ६६३, टेकु, काठमाण्डौ, नेपाल, फोनः ५३४३२६५, ५३४०९३२, ५३४०९३३, फ्याक्सः ५३४५०१८
E-mail: rbbmbl@rbbmbl.com.np, Website: www.rbbmbl.com.np

**मिति २०७८/३/२१ गतेको कारोबार दैनिकमा प्रकाशित गर्ने ।**